कार्यपालिका ९२औं बैठक

आज मिति २०८२/१२/११ गतेका दिन यस मालिका गाउँपालिकाका अध्यक्ष देविराम अर्याल ज्यूको अध्यक्षतामा बसेको गाउँकार्यपालिकाको बैठकमा तपसिलको उपस्थितिमा निम्न प्रस्तावहरूको सम्बन्धमा व्यापक छलफल गरी निर्णयहरू पारित गरियो ।

उपस्थिति:

| क्रम संख्या | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री देविराम अर्याल | |
| २ | उपाध्यक्ष | श्री उपेन्द्र अर्याल | |
| ३ | वडा अध्यक्ष | श्री दिपक श्रीस | |
| ४ | वडा अध्यक्ष | श्री विनोद श्रीस | |
| ५ | वडा अध्यक्ष | श्री ज्ञान कुमार बुढा | |
| ६ | वडा अध्यक्ष | श्री नारायण प्रसाद अर्याल | |
| ७ | वडा अध्यक्ष | श्री रेखा कुमार जि.सी. | |
| ८ | वडा अध्यक्ष | श्री दिपक भण्डारी | |
| ९ | वडा अध्यक्ष | श्री हिरा बहादुर कार्की | |
| १० | वडा अध्यक्ष | श्री सूर्य बहादुर घर्ती क्षेत्री | |
| ११ | कार्यपालिका सदस्य | श्री अन्जु सुनार | |
| १२ | कार्यपालिका सदस्य | श्री तुलविर कामी | |
| १३ | कार्यपालिका सदस्य | श्री दिपा गिरी महतरा | |
| १४ | कार्यपालिका सदस्य | श्री लक्ष्मी खत्री | |
| १५ | कार्यपालिका सदस्य | श्री सकुन्तला पन्थी | |
| १६ | कार्यपालिका सदस्य | श्री कमल सुनार | |
| १७ | कार्यपालिका सचिव | श्री विवेक खनाल | |

आमन्त्रित सदस्यहरू:

१८. गणेश प्रसाद न्यौपाने प्रशासन शाखा प्रमुख

१९. राम प्रसाद अर्याल (वा.प.)

२० दिलीराम महर्षि ([illegible])

प्रस्तावहरु:-

१. डि.पि.आर प्रतिवेदन स्वीकृत तथा भुक्तानी सम्बन्धमा,

२. अतिथि सत्कार वापतको रकम भुक्तानी सम्बन्धमा,

३. प्रशासकीय भवनमा एसी सञ्चालनका लागि वायरिङ्ग वापतको रकम भुक्तानी सम्बन्धमा,

४. दर्लिङ्ग च्यानडाडाँ डाडर भिमगिडे सडकको कार्य निर्माण समयावधी थप सम्बन्धमा,

५. कुमाल गाउँ अर्च्याङ्ग वराहरुख सडकको कार्य निर्माण समायावधी थप सम्बन्धमा,

६. अर्खावाङ्ग गौडा ठूलीचौर सडकको कार्य निर्माण समयावधी थप सम्बन्धमा,

७. कोटेशन विधिबाट कार्य गराउने सम्बन्धमा,

८. खङ्ग आधारभूत विद्यालयको भवन निर्माण सम्बन्धमा,

९. सर्वोच्च अदालंत समक्ष दायर भएको ०८२-WO-०२४४ को परमादेश समेत मुद्दामा गाउँपालिकाको तर्फबाट वारेर मुकरर गर्ने सम्बन्धमा

१०. नेपाल सरकार मन्त्रिपरिषदको मिति २०८२/०७/१७ गतेको निर्णय अनुसार स्थानीय तहबाट सेवा प्रवाह गर्ने सम्बन्धमा,

११.सेवा प्रवाहको लागि आवश्यक भौतिक तथा प्राविधिक पूर्वतयारी सम्बन्धमा,

१२.फूलवारी चोरकाटे अर्जै बोम नेटा भिमगिठे सडकको निर्माण अवधि थप सम्वन्धमा,

१३.खिर्रारुख घुम्ती मेहाले मा.वि.ग्वालीचौर सडकको निर्माण अवधि थप सम्बन्धमा,

१४.संघीय विशेष अनुदान तर्फको स्वास्थ्य गुणस्तर सुधार कार्यक्रममा विनियोजित रकमबाट सामान खरिद सम्बन्धमा,

१५.मालिका गाउँपालिकाको एम्वुलेन्स सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०८२ स्वीकृत गर्ने सम्बन्धमा

१६. गाउँपालिकाका स्वास्थ्य चौकीहरुमा कार्यरत स्वास्थ्य कर्मीहरुको अध्ययन अवलोकन भ्रमणका सम्बन्धमा

१७. मालिका गाउँपालिकाको उत्कृष्ट कर्मचारी तथा शिक्षक कर्मचारी सम्मान सम्बन्धी कार्यविधि,२०८२ स्वीकृत गर्ने सम्बन्धमा

१८. मालिका गाउँपालिकाका उत्कृष्ट विद्यालय तथा विद्यार्थीहरु सम्मान सम्बन्धी कार्यविधि,२०८२ स्वीकृत गर्ने सम्बन्धमा

१९. विद्यालयहरुमा सेमी होस्टलमा रहेका विपन्न विद्यार्थीहरुको लागि सहयोग उपलब्ध गराउने सम्बन्धमा

२०. फाइल ट्र्याकर सफ्टवेयर जडान सम्बन्धमा

२१. सैरे घडेरी मिलनचोक सडक मर्मत संभार सम्बन्धमा,

२२. मालिका-८ सिमलटारीमा डम्पिङ्ग साइट निर्माण सम्बन्धमा,

२३. मालिका ५ र ६ मा हेल्थ हट निर्माण सम्बन्धमा,

२४. पोषण तथा नसर्ने रोग सम्बन्धी शिविर सञ्चालन गर्ने सम्बन्धमा,

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| ३. | जिन्सी शाखा | मालिका गाउँपालिकाको नयाँ प्रशासकीय भवन रहेको स्थान अति नै चिसो स्थानमा रहेको, अधिक चिसोको कारण कार्य वातावरण नभएको कारण एसी खरिद गरि जडान गरिएको तर एसी सञ्चालनको लागि वायरिङ्ग नभएको, दक्ष जनशक्ति खोजी वायरिङ्ग गर्नको लागि यस गाउँपालिकाको पाले विर वहादुर घर्तीलाई कायदिश दिएको र निजले ४ जना मिस्त्रीको जोहो गरी एसी सञ्चालनको लागि आवश्यक वायरिङ्गको कार्य सम्पन्न गरेको हुँदा निज मिस्त्रीहरुको ज्याला रु. १७८६५/- भुक्तानी दिने निर्णय गरियो। |
| ४. | | यस गाउँपालिकाको वडा नं. २ दर्लिङ्गमा पर्ने दर्लिङ्ग च्यानडाडाँ डाडर भिमगिठे सडक ( (ठेक्का नं.-OMRM-GUL-LISP-W-NCB-28-2082/083) निर्माणको जिम्मा पाएको हिमाल सागर समुन्द्र ब्रदर्श कन्स्ट्रक्सन प्रा.ली. वडिगाड गापा वाग्लुङ्गले मिति २०८२/१२/०४ गतेका दिन श्रमिकको अभाव, चुनाव तथा देउराली खण्डमा आरसिसी ढलानको कारण तोकिएको समय सिमाभित्र रही निर्माण कार्य सम्पन्न गर्न समस्या भएकोले म्याद थपका लागि निवेदन पेश गरेकोमा, निजले पेश गरेको कारण मनासिव देखिएको हुँदा उक्त योजनाको निर्माण अवधि २०८३ वैशाख २२ सम्मलाई थप गर्ने निर्णय गरियो । |
| ५. | | यस गाउँपालिकाको वडा नं. ७ घमिरमा पर्ने कुमालगाउँ अर्च्याङ्ग वराहरु सडक ( (ठेक्का नं.-OMRM-GUL-LISP-W-NCB-23-2082/083) निर्माणको जिम्मा पाएको इलाइट एज हिमाल कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली. मालिका-६ गुल्मीले मिति २०८२/११/२९ गतेका दिन श्रमिकको अभाव, चुनाव तथा अधिक मूल्य वृद्धिको कारण तोकिएको समय सिमाभित्र रही निर्माण कार्य सम्पन्न गर्न समस्या भएकोले म्याद थपका लागि निवेदन पेश गरेकोमा, निजले पेश गरेको कारण मनासिक देखिएको हुँदा उक्त योजनाको निर्माण अवधि २०८३ वैशाख मसान्त सम्मलाई थप् गर्ने निर्णय गरियो । |
| ६. | | यस गाउँपालिकाको वडा नं. ४ अर्खावाङ्गमा पर्ने गौडा ठूलिचौर सडक (ठेक्का नं.-OMRM-GUL-LISP-W-NCB-22-2082/083) निर्माणको जिम्मा पाएको इलाइट एज हिमाल कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली. मालिका-६ गुल्मीले मिति २०८२/११/२९ गतेका दिन श्रमिकको अभाव, चुनाव तथा अधिक मूल्य वृद्धिको कारण तोकिएको समय सिमाभित्र रही निर्माण कार्य सम्पन्न गर्न समस्या भएकोले म्याद थपका लागि निवेदन पेश गरेकोमा, निजले पेश गरेको कारण मनासिव देखिएको हुँदा उक्त योजनाको निर्माण अवधि २०८३ वैशाख मसान्त सम्मलाई थप गर्ने निर्णय गरियो । |
| ७. | योजना शाखा | लुम्बिनी प्रदेश सरकारको आ.ब.२०८२/०८३ को स्वीकृत हस्तान्तरित सशर्त अनुदान कार्यक्रमबाट यस मालिका गाउँपालिकाको वडा नं.-६ मा रहेको फूलवारी चोरकाटे मोटरबाटो अन्तर्गत फूलबारी चोक वाल निर्माण मालिका-६ शिर्षकमा रु.५,००,०००/- पाँच लाख रकम विनियोजन भएको, उक्त आयोजनाको कार्य उपभोक्ता समितिबाट सञ्चालन |

मालिका गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय अर्जाबाङ्ग, गुल्मी लुम्बिनी प्रदेश, नेपाल

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | | गर्न नपाइने र ईविडिङ्गको लागि कम रकमको योजना भएको कारण उक्त आयोजनाको कार्य -कोटेशन विधि मार्फत कार्यान्वयन गर्ने निर्णय गरियो। |
| ८. | योजना शाखा | मालिका गाउँपालिकाको वडा नं.-८ मा रहेको खड्ग आधारभुत विद्यालयको भवन निर्माणको लागि मालिका गाउँपालिकाको हिउँदे अधिवेशनबाट फूलबारी चिसापानी निस्तिखोला देउराली भिमगिठे सडक स्तरोन्नती शिर्षकबाट रु.९ लाख रकम रकमान्तर भएकोले उक्त विद्यालयको भवन कोटेशन विधि मार्फत कार्यान्वयन गर्ने निर्णय गरियो। |
| ९. | प्रशासन शाखा | यस मालिका गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालय समेतलाई प्रत्यर्थी बनाई नविन पौडेल समेतले सर्वोच्च अदालत समक्ष दायर गरेको ०८२-WO-०२४४ को परमादेश समेत मुद्दामा यस मालिका गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको तर्फबाट लिखित जवाफ दर्ता गर्न वारेस मुकरर गर्न यस गाउँपालिकाका अध्यक्ष श्री देविराम अर्याल ज्यूलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो। |
| १०. | प्रशासन शाखा | नेपाल सरकार मन्त्रिपरिषदको मिति २०८२/०७/१७ गतेको निर्णय अनुसार करदाता सेवा कार्यालयहरु खारेज गरी ती कार्यालयहरुबाट सम्पादन हुँदै आएका कार्यहरु स्थानीय तहहरुबाट सेवा प्रवाह गर्ने निर्णयानुसार यस पालिकाले आवश्यक तयारी गरी उक्त करदाता सेवा कार्यालयबाट सम्पादन हुँदै आएका कार्यहरु यस स्थानीय तहबाट सम्पादन गर्ने निर्णय गरियो। |
| ११. | प्रशासन शाखा | नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०८२/०७/१७ गतेको निर्णय अनुसार करदाता सेवा कार्यालयहरु खारेज भई सो सम्बन्धी कार्यहरु स्थानीय तहबाट गर्ने सम्बन्धमा निर्णय भए अनुरुप सो सम्बन्धमा आवश्यक छलफल गरी सेवा प्रवाहको लागि आवश्यक भौतिक तथा प्रशासनिक तयारीको लागि प्रशासन शाखा प्रमुखलाई निर्देशन दिने निर्णय गरियो।। |
| १२. | योजना शाखा | यस गाउँपालिकाको वडा नं. ६,५,२,१ भएर जाने फूलबारी चोरकाटे अर्जे बोम नेटा भिमगिठे सडक (ठेक्का नं.-OMRM-GUL-W-NCB-3-2082/083) निर्माणको जिम्मा पाएको आश्री कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली. धुर्कोट-५ गुल्मीले मिति २०८२/११/०८ गतेका दिन श्रमिकको अभाव, अधिक मूल्य वृद्धि र चुनावको कारण तोकिएको समय सिमाभित्र रही निर्माण कार्य सम्पन्न गर्न समस्या भएकोले म्याद थपका लागि निवेदन पेश गरेकोमा, निजले पेश गरेको कारण मनासिव देखिएको हुँदा उक्त योजनाको निर्माण अवधि २०८३ असार १८ गते सम्मलाई थप गर्ने निर्णय गरियो । |
| १३. | योजना शाखा | यस गाउँपालिकाको वडा नं.३ ह्वाङ्गदीमा रहेको खिर्राका रुख घुम्ती मेहाले मा.वि. ग्वालीचौर सडक(ठेक्का नं.-OMRM-GUL-LISP-W-NCB-24-2082/083) निर्माणको जिम्मा पाएको कार्की निर्माण सेवा रे.न.पा.गुल्मीले मिति २०८२/१२/०३ गतेका दिन अधिक मूल्य वृद्धिको कारण तोकिएको समय सिमाभित्र रही निर्माण कार्य सम्पन्न गर्न समस्या भएकोले म्याद |

मालिका गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, गुल्मी, लुम्बिनी प्रदेश, नेपाल

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | | थपका लागि निवेदन पेश गरेकोमा, निजले पेश गरेको कारण मनासिब देखिएको हुँदा उक्त योजनाको निर्माण अवधि २०८३ वैशाख १५ सम्मलाई थप गर्ने निर्णय गरियो। |
| १४. | स्वास्थ्य शाखा | संघीय विशेष अनुदान तर्फको स्वास्थ्य गुणस्तर सुधार कार्यक्रममा विनियोजित रकम मध्येबाट स्वीकृत ल.ई. बमोजिमको रकम रु.६० लाखमा नवढ्ने गरी यस गाउँपालिकामा रहेका स्वास्थ्य संस्थाहरुको लागि आवश्यक आइटी तथा मेडिकल इक्विपमेन्टहरु इविडिङ्ग मार्फत खरिद गर्ने निर्णय गरि सो कार्यको लागि स्वास्थ्य तथा प्राविधिक शाखालाई निर्देशन दिने निर्णय गरियो। |
| १५. | स्वास्थ्य शाखा | गाउँपालिका क्षेत्र भित्र रहेका एम्बुलेन्सहरुको सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक नीतिगत व्यवस्थाका लागि स्वास्थ्य शाखाबाट तयार गरी यस गाउँकार्यपालिकाको वैठकमा पेश हुन आएको मालिका गाउँपालिकाको एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ स्वीकृत गर्ने निर्णय गरियो। |
| १६. | स्वास्थ्य शाखा | कर्मचारीहरुलाई विभिन्न क्षेत्र/भुगोलको अनुभव दिलाउने, निजहरुमा विभिन्न प्रोत्साहन कार्यक्रम मार्फत उत्प्रेणा जगाउने, आन्तरिक पर्यटनको विकास गराउने उदेश्य अनुरुप गाउँपालिकाका स्वास्थ्य चौकीहरुमा कार्यरत स्वास्थ्य कर्मीहरुको अध्ययन अवलोकन भ्रमण स्वीकृत गर्ने निर्णय गरियो। |
| १७. | प्रशासन शाखा | यस गाउँपालिका क्षेत्र भित्रका विभिन्न निकायमा कार्यरत शिक्षक तथा कर्मचारीलाई सम्मान गरी कार्य वातावरणमा सुधार गर्ने, नागरिक मैत्री सेवा प्रवाह गर्ने कार्यालय प्रति जिम्वेवार वनाउने र समग्रमा सुशासन मार्फत समग्र शैक्षिक, आर्थिक र सामाजिक वृद्धि गर्नको लागि मालिका गाउँपालिकाको उत्कृष्ट कर्मचारी तथा शिक्षक कर्मचारी सम्मान सम्बन्धी कार्यविधि,२०८२ तयार भई स्वीकृतिको लागि पेश भएको र सो सम्बन्धमा छलफल गरी आवश्यक देखिएको हुँदा उक्त कार्यविधि स्वीकृत गर्ने निर्णय गरियो। |
| १८. | शिक्षा शाखा | यस गाउँपालिका क्षेत्र भित्रका विभिन्न विद्यालयमा कार्यरत कर्मचारीहरुलाई सम्मान गरी शैक्षिक वातावरणमा सुधार गर्ने, कार्य प्रति जिम्वेवार वनाउने र समग्रमा शैक्षिक गुणस्तरमा वृद्धि गर्नको लागि मालिका गाउँपालिकाको उत्कृष्ट शिक्षक तथा कर्मचारी सम्मान सम्बन्धी कार्यविधि,२०८२ तयार भई स्वीकृतिको लागि पेश भएको र सो सम्बन्धमा छलफल गरी आवश्यक देखिएको हुँदा उक्त कार्यविधि स्वीकृत गर्ने निर्णय गरियो। |
| १९. | शिक्षा शाखा | विद्यार्थीहरुको पठन पाठनमा सुधार गरी शैक्षिक गुणस्तरमा वृद्धि गर्ने उदेश्य अनुरुप यस गाउँपालिकाका आठ वटा वडाहरुमा रहेका माध्यमिक तहको पठन पाठन हुने विद्यालयहरुमा |

मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अथर्वाङ्ग, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | | सेमी होस्टल कार्यक्रम कार्यान्वय नगरिएको र उक्त होस्टलमा वस्ने विपन्न विद्यार्थीहरुको लागि सहयोग उपलब्ध गराउने सम्बन्धमा निर्णय गरि कार्यान्वयनका लागि शिक्षा शाखालाई निर्देशन दिने निर्णय गरियो। |
| २०. | योजना शाखा | आ.ब.२०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार सेवा प्रवाहलाई छिटो भरपर्दो विश्वसनीय र दीगो वनाउनुको साथै सम्बन्धित शाखालाई जिम्मेवार वनाउने र समग्रमा सेवा प्रवाहमा सुधार गर्ने उदेश्य अनुरुप कागजात संकलन तथा भण्डारण सफ्टवेयर जडान तथा व्यवस्थापन आर्थिक प्रशासन शाखा भन्ने शिर्षकमा आन्तरिक श्रोत तर्फ रु.५ लाख रकम विनियोजन भएको हुँदा उक्त रकमबाट कोटेशन विधि मार्फत उपरोक्त कागजात संकलन तथा भण्डारण सफ्टवेयर जडान (फाइल ट्र्याकर) गर्ने निर्णय गरी आवश्यक कारवाहीको लागि योजना शाखालाई निर्देशन दिने निर्णय गरियो। |
| २१. | योजना शाखा | यस गाउँपालिकाको वडा नं.४ अर्खावाङ्ग र वडा नं.-३ ह्वाङ्गदी जोड्ने सैरे घडेरी मिलनचोक सडक बिग्रेको कारण यातायातका साधनहरु सञ्चालनमा समस्या भई रहेको,यस क्षेत्रकै ठूलो थापा क्षेत्रीहरुको कूल पूँजा यही मिति २०८३/०१/१७ गते सम्पन्न हुन गइरहेको, अधिक पाहुनाहरुले सवारी साधनहरु लिएर आउने भएको हुँदा उक्त सडकको तत्काल मर्मत संभार र सफाइको लागि प्राविधिक ल.ई तयार गरिएकोमा जम्मा लागत रु.९८,५२१/८८ रकम खर्च हुने देखिएको हुँदा उक्त रकम गाउँपालिकाको मर्मत संभार कोषबाट भुक्तानी गर्ने गरी अमानत विधि मार्फत कार्यालयले उक्त मो.बा.को मर्मत संभारको कार्य गर्ने गराउने निर्णय गरि कुनै एकजना कर्मचारीलाई कायदिश दिने निर्णय गरियो। |
| २२. | योजना शाखा | संघीय सरकारको विशेष अनुदान कार्यक्रम अन्तरगत स्वास्थ्य गुणस्तर सुधार कार्यक्रममा रु.१ करोड २० लाख रकम विनियोजन भएको, उक्त रकमबाट मालिका गाउँपालिकाको वडा नं.-१ देखि ८ मा रहेका स्वास्थ्य चौकी तथा बजार क्षेत्रको लागि आवश्यक डम्पिङ्ग साइट निर्माणका लागि ठेक्का खोल्ने निर्णय गरियो। साथै प्राविधिकलाई सोही अनुसार ल.ई.तयारी लगायत ठेक्का प्रकृयामा लैजानको लागि आवश्यक निर्देशन दिने निर्णय गरियो। |
| २३. | योजना शाखा | संघीय सरकारको विशेष अनुदान कार्यक्रम अन्तरगत स्वास्थ्य गुणस्तर सुधार कार्यक्रम अन्तरगत विभिन्न शिर्षकमा उल्लेखित योजना/कार्यक्रमहरु सञ्चालनको लागि रु.१ करोड २० लाख रकम विनियोजन भएको, उक्त रकमबाट मालिका गाउँपालिकाको वडा नं.-५ र ६ मा सामुदायिक हेल्थ हट निर्माणका लागि ठेक्का खोल्ने निर्णय गरि प्राविधिकलाई सोही अनुसार ल.ई.तयारी लगायत ठेक्का प्रकृयामा लैजानको लागि आवश्यक निर्देशन दिने निर्णय गरियो। |
| २४. | स्वास्थ्य शाखा | संघीय सरकारको आ.ब.२०८२/०८३ को विषेश अनुदान कार्यक्रम अन्तरगत स्वास्थ्य गुणस्तर सुधार कार्यक्रममा रु.१ करोड २० लाख रकम विनियोजन भएको, कार्यक्रमको |

मालिका गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ... म्याग्दी, गण्डकी प्रदेश, नेपाल

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| ३०. | योजना शाखा | फूलबारी चिसापानी निस्तिखोला देउराली भिमगिठे सडक (ठेक्का नं.-OMRM-GUL-W-NCB-02-082/083) को म्याद थप सम्बन्धमा छलफल गरी चुनावको कारण सडक यातयात खुला गर्नु पर्ने भएको हुँदा तोकिएको समयमा कार्य सम्पन्न गर्न समस्या भएकोले १ महिनाको लागि म्याद थपको लागि निवेदन पेश भए बमोजिम २०८३/०१/३० सम्मको अवधिको लागि म्याद थप गर्ने निर्णय गरियो। |
| ३१. | लेखा शाखा | यस गाउँपालिकाको आ.ब.२०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तरगत २०८२ फागुन महिनामा संचालन तथा पूँजिगत शिर्षकमा विनियोजनित रकमबाट रु. २,१७,१७,१५१/- रुपैयाँ खर्च भएकोले उक्त खर्च रकम सार्वजनिक गरी अनुमोदन गर्ने निर्णय गरियो। |
| ३२. | शिक्षा शाखा | देविस्थान मा.वि.घमिरको जिर्ण पुरानो भवन भत्काउनका लागि अनुमति दिने सम्बन्धमा छलफल गरी उक्त विद्यालयको ४ कोठे भवन पुरानो भएको र वर्षादको समयमा भत्कि थप क्षति हुन सक्ने भएको भनि उक्त भवन भत्काउनको लागि अनुमति माग भए बमोजिम उक्त भवन भत्काउनको लागि अनुमति प्रदान गर्ने निर्णय गरियो। |
| ३३. | प्रशासन शाखा | यस गाउँपालिकाको वडा नं.-५ छापहिलेको भुगोल नमिलेको कारण छाप टोलका नागरिकहरुलाई वडा कार्यालयमा सेवा लिन आउन असजिलो भएको व्यापक गुनासो आएको हुँदा उक्त गुनासोलाई सम्बोधन गरी मिति २०८३ वैशाख महिना देखि हप्ताको एकदिन छापमा रहेको छाप सामुदायिक स्वास्थ्य इकाईको भवनबाट वडाले प्रदान गर्ने सम्पूर्ण सेवाहरु सूचारु/प्रदान गर्ने निर्णय गरियो। |
| ३४. | प्रशासन शाखा | यस गाउँपालिकाको कार्य प्रगतिका सम्बन्धमा अर्ध वार्षिक समिक्षा २०८३/०१/०८ गतेका दिन सञ्चालन गर्ने निर्णय गरि सोको तयारको लागि सवै शाखा प्रमुखहरुलाई जानकारी गराउने सम्बन्धमा निर्णय गरियो। |

...लिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
... गुल्मी
लुम्बिनी प्रदे., नेपाल

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत